ओमसतिया गाउँपालिका
Omsatiya Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
हाटी फर्साटिकर, रुपन्देही
Hati Pharsatikar, Rupandehi
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

प.सं. / Ref No.

च.नं. / Dispatch No.

अनुदानको रसायनिक मल बिक्री वितरणको लागी सिफारिस लिन आवेदन दिने सम्बन्धि सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०७७/०७/१६ गते

प्रस्तुत बिषयमा अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को दफा १० को उपदफा (१) बमोजिम गठित स्थानिय तह मल वितरण व्यवस्थापन समितिको मिति २०७७/०७/१६ गते बसेको बैठकको निर्णयानुसार दफा १५ को उपदफा (१) अनुसारको मल बिक्रेता नियुक्तिका लागी स्थानिय तहको सिफारिस आवश्यक पर्ने हुदा दफा ११ को उपदफा (१) (ङ) बमोजिम मल वितरक कम्पनीमा मल बिक्रेता नियुक्तिको लागि सिफारिस हुन दफा १५ को उपदफा (८) बमोजिम मलको कारोबार गर्न ईच्छुक कम्तिमा दुई आर्थीक वर्ष पुरा गरेका कृषि सहाकारी संस्था/सहकारी संस्था/कम्पनीहरुलाई दरखास्त आव्हानको लागि यो सुचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति २०७७/०८/०२ गते भित्र) तोकिएको ढाँचा अनुसारको आबेदन फाराममा तपशिल अनुसारका कागजात सहित दरखास्त दिनको लागि सम्बन्धित सबैलाई यसै सूचना द्धारा जानकारी गराईन्छ ।

<u>तपशील</u>

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

१. कार्यालयले उपलब्ध गराएको ढाचाँ बमोजिमको आबेदन फारम,
२. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी,
३. स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्रको प्रतिलिपी,
४. विगत दुई आर्थिक बर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि,
५. आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी,
६. रसायनिक मल बिक्रेता प्रमाणपत्रको प्रतिलिपि,
७. संस्थागत निर्णयको प्रतिलिपी,
८. डिलसिप प्रमाणपत्रको प्रतिलिपि,
९. कार्य समिति सदस्यहरुको नेपाली नागरिकत्ताको प्रमाण पत्रको प्रतिलिपी,
१०. वडा कार्यालयको सिफारिस पत्र ।

**पुनश्च : थप जानकारी तथा सहजिकरणको लागि गा.पा.को कृषि शाखा समन्वयन गर्नुहुन ।**

फोन नं. ९८४७०३९४५०

०७७/०७/१६

..........................................

दुर्गा पौडेल

प्रमुख प्रशासकीय अधिक

www.omsatiyamun.gov.np omsatiyamun@gmail.com

## रासायनिक मल विक्रेता नियुक्ति सिफारिसको आवेदन-पत्रको ढाँचा

मिति :२०७७।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
ओमसतिया गाँउपालिका गाँउकार्यपालिकाको कार्यालय, हाटीफर्साटिकर, रुपन्देही ।

विषय : मल विक्रेता नियुक्ति सिफारिस सम्वन्धमा ।

महोदय,

प्रस्तुत विषयमा तहाँ ओमसतिया गाँउपालिकाको कार्यालयबाट मिति २०७७।०७।१ गते प्रकाशित सूचना बमोजिम मल विक्रेता नियुक्ति भई मलको कारोवार गर्न योग्यता पुगेकोले अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को शर्तहरुको अधिनमा रही मलको कारोवार गर्न इच्छुक यस श्री ...................................... ले निम्न बमोजिमको कागजातहरु संलग्न गरी मल विक्रेता नियुक्ति सिफारिसको लागि तपशिल अनुसारका कागजातहरु यसै आवेदन-पत्र साथ संलग्न राखी प्रस्ताव पेश गरेको छु । गरेका छौं । पेश गरेका कागजात तथा अन्य विवरणहरु झुठा ठहरेमा प्रचलित ऐन कानून बमोजिम सहने व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौं ।

**तपशिल**

- कार्यालयले उपलब्ध गराएको ढाँचा बमोजिमको आवेदन फाराम,
- संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि,
- स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि,
- रासायनिक मल विक्रेता प्रमाणपत्रको प्रतिलिपि,
- डिलरसिप प्रमाणपत्रको प्रतिलिपि,
- करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- विगत दुई आर्थिक वर्षको लेखा परिक्षण प्रतिलिपि,
- संस्थागत निर्णयको प्रतिलिपि,
- कार्य समिति सदस्यहरुको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
- वडा कार्यालयको सिफारिस पत्र

निवेदकको नाम : ..................................
पद : ...............................................
दस्तखत : .....................................
संस्थाको नाम : .......................................
ठेगाना : .......................................
फोन नं. .........................
संस्थाको छाप :

# अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७

प्रस्तावना: कृषि उत्पादन एवं उत्पादकत्व वृद्धि गरी देशको आर्थिक समृद्धिमा टेवा पुऱ्याउन तथा खाद्य सुरक्षा बढाउन कृषकलाई लागत सहभागिताको आधारमा संघ, प्रदेश र स्थानीय तहगत सरकारका संरचना अनुसार अनुदानको मल आपूर्ति तथा बिक्री वितरण कार्यलाई सहज, व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको निर्देशिका बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस निर्देशिकाको नाम "अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "कम्पनी" भन्नाले कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएका कम्पनी सम्झनु पर्छ।

(ख) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ग) "प्रदेश समिति" भन्नाले दफा ८ बमोजिमको प्रदेश मल वितरण व्यवस्थापन समिति सम्झनु पर्छ ।

(घ) "प्राविधिक समिति" भन्नाले दफा ६ बमोजिमको प्राविधिक समिति सम्झनु पर्छ।

(ङ) "फर्म" भन्नाले प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएका फर्म सम्झनु पर्छ ।

(च) "मल" भन्नाले नेपाल सरकारबाट अनुदान प्राप्त रासायनिक, प्राङ्गारिक, सम्मिश्रित र जिवाणुयुक्त मल सम्झनु पर्छ ।

(छ) "मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति" भन्नाले दफा ४ बमोजिमको मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ज) "मल वितरक कम्पनी" भन्नाले कृषि सामग्री कम्पनी लिमिटेड सम्झनु पर्छ र सो शब्दले मल आपूर्ति तथा वितरणको लागि दफा २६ बमोजिम कुनै संस्था तोकिएकोमा त्यस्तो संस्थालाई समेत जनाउनेछ ।

(झ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(ञ) "विक्रेता" भन्नाले मल वितरक कम्पनीबाट मल बिक्री वितरण गर्ने यस निर्देशिका बमोजिमको मल विक्रेता प्रमाणपत्र प्राप्त सहकारी संस्था, फर्म वा कम्पनी सम्झनु पर्छ।



यादव प्रसाद कोइराला
सचिव

(ट) "सहकारी संस्था" भन्नाले सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएको सहकारी संस्था सम्झनु पर्छ ।

(ठ) "स्थानीय समिति" भन्नाले दफा १० बमोजिमको स्थानीय तह मल वितरण व्यवस्थापन समिति सम्झनु पर्छ ।

## परिच्छेद-२

## मल आपूर्ति सम्बन्धी व्यवस्था

३. अनुदानमा मल उपलब्ध गराउन सक्ने: नेपाल सरकारले कृषकलाई अनुदानमा मल उपलब्ध गराउन सक्नेछ ।

४. मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति: (१) नेपाल सरकारले कृषकलाई अनुदानमा उपलब्ध गराउने मलको वितरण व्यवस्थापन गर्न देहाय बमोजिमको एक मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) सहसचिव, मन्त्रालयको योजना सम्बन्धी विषय हेर्ने महाशाखा -सदस्य

(ग) सहसचिव, सहकारी सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(घ) प्रबन्ध सञ्चालक, कृषि सामग्री कम्पनी लिमिटेड -सदस्य

(ङ) सहसचिव, मन्त्रालयको कृषि सामग्री व्यवस्थापन सम्बन्धी विषय हेर्ने महाशाखा -सदस्य सचिव

(२) मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिको बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

(३) मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(५) मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी अभिलेख राख्नु पर्नेछ ।

(६) मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(७) मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिको सचिवालयको काम मन्त्रालयको कृषि सामग्री व्यवस्थापन सम्बन्धी विषय हेर्ने महाशाखाले गर्नेछ ।



यादव प्रसाद कोइराला
सचिव

(८) मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. <u>मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:</u> मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) नेपाल सरकारले अनुदानमा उपलब्ध गराउने मलको प्रकार, जम्मा परिमाण, तथा प्रदेशगत परिमाण निर्धारण गर्ने,

(ख) अनुदानमा बिक्री वितरण हुने मलको आयातहुने विन्दुहरु तोकी ती विन्दुहरुलगायत आवश्यकता अनुसार अन्य स्थानहरुको बिक्री मूल्य निर्धारण गर्ने,

(ग) मल आयात विन्दु सम्म मल आयात गर्दाको लागत मूल्य र आयात विन्दुको लागि निर्धारण गरिएको बिक्री मूल्यबीचको फरक यकिन गरी अनुदान बापत मल वितरक कम्पनीलाई नेपाल सरकारका तर्फबाट दिनु पर्ने रकम निकासाको लागि मन्त्रालयमा सिफारिस गर्ने,

(घ) मल वितरक कम्पनीले मल आयात, सञ्चय र बिक्री वितरणको कार्य गरे बापत प्रति किलोग्राम बढिमा रु. १।२५ सञ्चालन खर्च (Operating Cost) प्राप्त गर्नेछ । सो रकम मध्ये आयात विन्दुको लागि निर्धारण गरिने बिक्री मूल्यमा रु.१।- थप गरी प्राप्त गर्ने र बाँकी रकम नेपाल सरकारबाट मलखादको लागि उपलब्ध गराइने अनुदान रकमबाट व्यवस्था मिलाउने। सञ्चालन खर्चका सम्बन्धमा अर्थ मन्त्रालयको सहमति लिई आवश्यकता अनुसार पुनरावलोकन गर्ने,

(ङ) मल आयात सञ्चय तथा बिक्री वितरणको लागि मल वितरक कम्पनीलाई उपलब्ध गराइएको अनुदान रकमको हिसाब फछ्यौंट तथा फरफारक गर्ने,

(च) मलको वितरण व्यवस्थापन प्रभावकारी बनाउन अवलम्बन गर्नु पर्ने नीति, योजना र कार्यक्रम तर्जुमा गरी नेपाल सरकार समक्ष प्रस्तुत गर्ने,

(छ) मलको आपूर्ति तथा वितरण व्यवस्थापन प्रभावकारी बनाउन आवश्यकता अनुसार कार्यदल गठन गरी विशेषज्ञहरुको सहयोग लिने,

(ज) मल आपूर्ति तथा वितरण सम्बन्धमा प्रचलित कानूनको पालना नगर्ने मल वितरक कम्पनी, विक्रेता र संलग्न कर्मचारीलाई प्रचलित कानून बमोजिम कारवाही गर्न सम्बन्धित अधिकारी वा निकाय समक्ष सिफारिस गर्ने,

(झ) कृषकलाई मलको अभाव हुन नदिन समयमै आपूर्ति तथा वितरणको समय तालिका सहितको वार्षिक आपूर्ति तथा वितरण योजना स्वीकृत तथा परिमार्जन गर्ने र कार्यान्वयन गर्न मल वितरक कम्पनीलाई निर्देशन दिने,

नेपाल सरकार
मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

यादव प्रसाद कोइराला
सचिव

(ञ) अनुदानमा उपलब्ध गराइने मलको आवश्यक सञ्चित मौज्दात (Buffer Stock) को निर्धारण गर्ने र सो कार्यान्वयन गर्न मल वितरक कम्पनीलाई निर्देशन दिने।

(ट) मल गुणस्तर, आपूर्ति तथा वितरण व्यवस्थापनको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने।

६. प्राविधिक समितिः (१) मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिको कार्य सम्पादनमा सहयोग पुन्याउन देहाय बमोजिमको एक प्राविधिक समिति रहनेछः-

| | |
|---|---|
| (क) सहसचिव, कृषि सामग्री व्यवस्थापन सम्बन्धी विषय हेर्ने महाशाखा, मन्त्रालय | -संयोजक |
| (ख) प्रमुख, माटो विज्ञान महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद् वा प्रतिनिधि | -सदस्य |
| (ग) प्रमुख, माटो शाखा, केन्द्रीय कृषि प्रयोगशाला, कृषि विभाग | -सदस्य |
| (घ) प्रतिनिधि, कृषि सामग्री कम्पनी लिमिटेड | -सदस्य |
| (ङ) प्रमुख, कृषि सामग्री व्यवस्थापन सम्बन्धी विषय हेर्ने शाखा, मन्त्रालय | -सदस्य सचिव |

(२) समितिको सचिवालयको काम मन्त्रालयको कृषि सामग्री व्यवस्थापन सम्बन्धी विषय हेर्ने शाखाले गर्नेछ ।

७. प्राविधिक समितिको काम, कर्तव्य र अधिकारः प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपालमा आवश्यक पर्ने मलको प्रकार र परिमाण सम्बन्धमा अध्ययन गरी विवरण अद्यावधिक गर्ने,

(ख) मलको बिक्री मूल्य निर्धारण गर्न प्राविधिक र अन्तर्राष्ट्रिय बजार मूल्य सहितको आर्थिक तथा प्राविधिक विश्लेषण गरी मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिमा सिफारिस गर्ने,

(ग) प्रदेशलाई उपलब्ध गराईने मलको कोटा निर्धारण गर्न सिफारिस गर्ने,

(घ) मलको वार्षिक आपूर्ति तथा वितरण योजना तयार गर्ने र कार्यान्वयन गर्न सिफारिस गर्ने,

(ङ) मल आयात बिन्दुसम्म मल आयात गर्दाको लागत मूल्य र आयात बिन्दुको लागि निर्धारण गरिएको बिक्री मूल्यबीचको फरक यकिन गरी अनुदान बापत मल वितरक कम्पनीलाई नेपाल सरकारका तर्फबाट दिनु पर्ने रकम निकासाको लागि मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिमा सिफारिस गर्ने,

(च) मलको आयात, सञ्चय तथा बिक्री वितरण गरे बापत मल वितरक कम्पनीलाई आवश्यक पर्ने कार्यसञ्चालन खर्च रकम निर्धारण गर्न मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिलाई प्राविधिक सहयोग गर्ने,



यादव प्रसाद कोइराला
सचिव

(छ) मल वितरक कम्पनीलाई उपलब्ध गराइएको अनुदान रकमको हिसाब फछ्र्यौट तथा फरफारकको लागि सिफारिस गर्ने,

(ज) लागत सहभागिताको आधारमा अनुदान उपलब्ध गराइने मलको वितरण व्यवस्थाको अनुगमनसहित आपूर्ति व्यवस्था प्रभावकारी बनाउन योजना र कार्यक्रम तर्जुमा गरी मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति समक्ष प्रस्तुत गर्ने,

(झ) मलको आपूर्ति, बिक्री वितरण, बिक्रेताहरुको लगत र तथ्याङ्कहरु संकलन र अद्यावधिक गरी वार्षिक प्रतिवेदन प्रकाशन गर्न मन्त्रालयको कृषि सामग्री व्यवस्थापन सम्बन्धी विषय हेर्ने शाखालाई सहजीकरण गर्ने,

(ञ) मलको बिक्री वितरण व्यवस्था प्रभावकारी बनाउन प्रदेश समितिसँग समन्वय गर्ने,

(ट) मल बिक्रेताहरुको सूची समय समयमा अद्यावधिक गरी प्रकाशन गर्न तथा बिक्रेताहरुलाई आवश्यकता अनुसार अभिमुखीकरण र क्षमता विकास सम्बन्धी तालीम सञ्चालन गर्न प्रदेश मन्त्रालय र मन्त्रालयको कृषि सामग्री व्यवस्थापन सम्बन्धी विषय हेर्ने शाखालाई सहयोग पुऱ्याउने, र

(ठ) मलको गुणस्तर, आपूर्ति र बिक्री वितरण व्यवस्थापन सम्बन्धी निरीक्षण तथा अनुगमन गर्ने।

८. <u>प्रदेश मल वितरण व्यवस्थापन समिति:</u> (१) नेपाल सरकारले कृषकलाई अनुदानमा उपलब्ध गराउने मलको प्रदेश भित्र वितरण व्यवस्थापन सहज तथा प्रभावकारी बनाउन प्रत्येक प्रदेशमा देहाय बमोजिमको प्रदेश मल वितरण व्यवस्थापन समिति रहनेछः-

(क) सचिव, प्रदेश सरकारको कृषि विषय हेर्ने मन्त्रालय -संयोजक

(ख) प्रमुख, कृषि विकास निर्देशनालय -सदस्य

(ग) प्रमुख, प्रदेश तहको माटो तथा मल परीक्षण गर्ने प्रयोगशाला -सदस्य

(घ) अधिकृत कम्तीमा नवौं तह, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ङ) कृषि सामग्री कम्पनी लिमिटेडको प्रदेशस्तरको कार्यालयको प्रमुख -सदस्य

(च) प्रमुख, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी विषय हेर्ने महाशाखा, प्रदेशको कृषि विषय हेर्ने मन्त्रालय -सदस्य सचिव

(२) प्रदेश समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

(३) प्रदेश समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) प्रदेश समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ ।



यादव प्रसाद कोइराला
सचिव

(५) प्रदेश समितिको निर्णय सो समितिको सदस्य सचिवले प्रमाणित गरी अभिलेख राख्नु पर्नेछ।

(६) प्रदेश समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञ र अन्य सरोकारवाला निकायका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

(७) प्रदेश समितिले सो समितिका सदस्य मध्ये कुनै सदस्यको संयोजकत्वमा आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ र त्यसरी गठन भएको उपसमितिको कार्यविधि तथा कार्यक्षेत्रगत शर्त प्रदेश समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(८) प्रदेश समितिको सचिवालयको कार्य सम्बन्धित प्रदेश मन्त्रालयको खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी विषय हेर्ने महाशाखाले गर्नेछ।

(९) प्रदेश समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि प्रदेश समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

९. <u>प्रदेश समितिको काम, कर्तव्य र अधिकार</u>:(१) प्रदेश समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश भित्रका स्थानीय तहमा आवश्यक पर्ने मलको परिमाण प्रक्षेपण गर्ने,

(ख) प्रदेश भित्रका स्थानीय तहमा आवश्यक पर्ने मलको आपूर्ति व्यवस्था गर्ने,

(ग) प्रदेशभित्र बिक्री वितरण गर्न आवश्यक पर्ने मलको प्रकार र परिमाण सहितको विवरण तयार गरी मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने,

(घ) प्रदेशमा प्राप्त हुने मलको परिमाण अनुसार प्रत्येक स्थानीय तहको लागि खेतीयोग्य जमिनको क्षेत्रफल,विगत आर्थिक वर्षको मल खपतको अभिलेख र बाली सघनताका आधारमा प्रदेश सरकार अन्तर्गतको कृषि विषय हेर्ने कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रका स्थानीयतहको लागि गरेको सिफारिस समेतको आधारमा मलको परिमाण तोक्ने तथा मल वितरक कम्पनीलाई सो अनुसार बिक्री वितरण गर्न लगाउने,

(ङ) प्रदेशमा आवश्यक पर्ने मलको अभाव हुन नदिन पूर्व तयारी गर्ने,

(च) प्रदेशभित्रका मल बिक्रेताहरुको सूची अद्यावधिक गरी समय समयमा प्रकाशन गर्ने र बिक्रेताहरुलाई आवश्यकता अनुसार अभिमूखीकरण गर्ने,

(छ) प्रदेशमा मलको वितरण व्यवस्थापन तथा गुणस्तरको निरीक्षण तथा अनुगमन गर्ने,

(ज) प्रदेश भित्रको मल बिक्री वितरण तथा मौज्दात सम्बन्धी विवरणको अभिलेख राख्ने,

(झ) यस निर्देशिका अनुरुप मल बिक्री वितरणको कार्य भए नभएको सम्बन्धमा प्रदेशभित्रको गुनासो सुन्ने र त्यसको समाधान खोज्ने,



यादव प्रसाद कोइराला
सचिव

(ञ) मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति, प्राविधिक समिति र स्थानीय समितिसँग समन्वय गर्ने, र

(ट) मलको गुणस्तर, आपूर्ति तथा वितरण सम्बन्धमा अनुगमन गरी प्रचलित कानूनको पालना नगर्ने मल वितरक कम्पनी, बिक्रेता र संलग्न कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही गर्न सम्बन्धित अधिकारी वा निकाय समक्ष सिफारिस गर्ने।

(२) प्रदेश समितिले आफूले सम्पादन गरेको काम कारबाहीको चौमासिक प्रगति विवरण अनुसूची-१ बमोजिमको ढाँचामा मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति समक्ष पठाउनु पर्नेछ।

१०. स्थानीय समिति: (१) नेपाल सरकारले कृषकका लागि अनुदानमा उपलब्ध गराउने मलको स्थानीय तहमा आपूर्ति तथा वितरण व्यवस्थापन प्रभावकारी बनाउन देहाय बमोजिमको स्थानीय तह मल वितरण व्यवस्थापन समिति रहनेछः-

(क) उपप्रमुख वा उपाध्यक्ष, नगरपालिका वा गाउँपालिका -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत, नगरपालिका वा गाउँपालिका -सदस्य

(ग) प्रमुख, स्थानीय तहको कृषि शाखा -सदस्य-सचिब

(२) स्थानीय समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(३) स्थानीय समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) स्थानीय समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ।

(५) स्थानीय समितिको निर्णय सो समितिको सदस्य सचिवले प्रमाणित गरी अभिलेख राख्नु पर्नेछ।

(६) स्थानीय समितिको बैठकमा आवश्यकता अनुसार प्रदेश मन्त्रालय अन्तर्गतका कृषि विषय हेर्ने कार्यालय, कृषि सामग्री कम्पनी लिमिटेडको कार्यालयको प्रमुख वा सम्बन्धित विषयको बिज्ञ, बिक्रेता लगायत अन्य सरोकारवाला निकायका प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

(७) स्थानीय समितिको सचिबालयको कार्य सम्बन्धित स्थानीय तहको कृषि शाखाले गर्नेछ।

११. स्थानीय समितिको काम, कर्तव्य र अधिकार:(१) स्थानीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहमा रहेको खेतीयोग्य र खेती गरिएको जग्गा, सिंचित क्षेत्र, कृषक घरधुरी, कृषि उत्पादन, उत्पादकत्व, मल कारोबार गर्ने बिक्रेता, व्यवसायिक कृषक लगायतका कृषि तथ्याङ्क अद्यावधिक गर्ने,



यादव प्रसाद कोइराला
सचिव

(ख) सम्बन्धित स्थानीय तहको क्षेत्र भित्र खेती गरिएको जग्गाको लागि आवश्यक पर्ने मलको प्रकार र परिमाण प्रक्षेपण गरी प्रदेश समिति समक्ष माग पेश गर्ने,

(ग) स्थानीय तहको वडागत रुपमा आवश्यक पर्ने मलको आपूर्ति व्यवस्था गर्ने,

(घ) स्थानीय तहमा मलको कारोबार गर्ने बिक्रेताको प्रत्येक आर्थिक वर्षको लागि दर्ता, नवीकरण गर्ने,

(ङ) मलको विक्रेता नियुक्त हुन स्थानीय तहमा निवेदन दिएका नियमानुसार दर्ता भएका संस्थालाई स्थानीय मागको आधारमा स्थानीय तह भित्र निश्चित स्थान पहिचान गरी आवश्यक विक्रेताहरुको संख्या निर्धारण सहित विक्रेता नियुक्ति गर्नको लागि मल वितरक कम्पनीमा सिफारिस गर्ने र बिक्रेताको सूची समय समयमा प्रकाशन गर्ने।

(च) आफ्नो स्थानीय तह भित्र निश्चित कार्यक्षेत्र पर्ने गरी मल बिक्रेताको कार्यक्षेत्र तोक्ने।

(छ) स्थानीय तहलाई प्राप्त हुने मल अनुसार मल बिक्रेताका लागि खेतीयोग्य जमिनको क्षेत्रफल र बाली सघनताका आधारमा मलको प्रकार र परिमाण तोक्ने,

(ज) आफ्नो क्षेत्रको कुनै बिक्रेताले निजलाई तोकिएको प्रकार र परिमाणमा मल खपत गर्न नसक्ने जानकारी दिएमा आवश्यकताका आधारमा सम्बन्धित स्थानीय तह भित्रका अन्य विक्रेताका लागि कोटा थप गर्ने,

(झ) स्थानीयस्तरमा आवश्यक पर्ने मलको अभाव हुन नदिन आवश्यक तयारी गर्ने,

(ञ) स्थानीयस्तरमा मल बिक्री वितरण व्यवस्थापनको निरीक्षण तथा अनुगमन गर्ने,

(ट) मल बिक्री वितरण सम्बन्धी विवरणको अभिलेख तयार गरी प्रमाणित गरी राख्ने,

(ठ) मल बिक्री वितरण सम्बन्धमा स्थानीय तह भित्रको कृषक तथा बिक्रेताको गुनासो सुन्ने तथा समाधानको लागि काम गर्ने, र

(ड) अनुदानमा उपलब्ध हुने मलसँग सम्बन्धित तथ्याङ्क विद्युतीय प्रणालीमा आधारित भई व्यवस्थापन गर्ने/गराउने।

(२) स्थानीय समितिले सम्पादन गरेको काम कारवाहीको प्रगति प्रतिवेदन अनुसूची-१ बमोजिमको ढाँचामा तयार गरी चौमासिक रुपमा मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति र प्रदेश समिति समक्ष पठाउनु पर्नेछ।

१२. <u>मलको परिमाण निर्धारण गर्ने:</u> (१) स्थानीय समितिले आफ्नो स्थानीय तहमा आगामी आर्थिक वर्षको लागि आवश्यक पर्ने मलको प्रकार र परिमाण खुलाई प्रत्येक आर्थिक वर्षको माघ मसान्तभित्र प्रदेश समितिमा पठाउनु पर्नेछ।

(२) प्रदेश समितिले आफ्नो प्रदेशमा आगामी आर्थिक वर्षका लागि आवश्यक पर्ने मलको प्रकार र परिमाण स्थानीय तहगत रुपमा खुलाई प्रत्येक वर्षको फागुन मसान्तभित्र मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिमा पठाउनु पर्नेछ।



यादव प्रसाद कोइराला
सचिव

(३) मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिले प्रत्येक वर्षको जेठ मसान्तभित्र प्रदेश समितिबाट माग भएको मलको प्रकार र परिमाण तथा नेपाल सरकारबाट विनियोजित बजेट र अनुदान नीतिका आधारमा आगामी आर्थिक वर्षका लागि अनुदानमा उपलब्ध गराउन सकिने मलको प्रकार र परिमाण निर्धारण गर्नु पर्नेछ।

१३. <u>मलको कोटा निर्धारण गर्ने</u>: (१) मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिले दफा १२ को उपदफा (३) बमोजिम निर्धारित परिमाणको आधारमा प्रत्येक वर्षको जेठ मसान्तभित्र आगामी आर्थिक वर्षको लागि Buffer Stock परिमाण र प्रदेशका लागि मलको कोटा निर्धारण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको कोटा अन्तर्गत रही प्रदेश समितिले प्रत्येक वर्षको असार पन्ध्र गतेभित्र प्रदेश भित्रका स्थानीय तहको लागि मलको कोटा निर्धारण गर्नु पर्नेछ। प्रदेश समितिले आफ्नो प्रदेशको लागि प्राप्त कोटाबाट Buffer Stock को रुपमा मल राख्न पाउने छैन ।

(३) उपदफा (१) र (२) बमोजिम कोटा निर्धारण गर्दा खेती गरिएको कुल क्षेत्रफल, बाली सघनता, अघिल्ला वर्षहरुमा गरिएको मलको प्रयोग, सिचाइको उपलब्धता, मन्त्रालयको बजेट र स्थानीय समितिको माग समेतलाई आधार लिनु पर्नेछ। यसरी निर्धारण गरिएको कोटा प्रदेश समितिले सम्बन्धित मल वितरक कम्पनी र स्थानीय तहलाई सोही अवधिभित्र जानकारी गराउनु पर्नेछ ।

(४) स्थानीय समितिले प्रत्येक आर्थिक वर्षमा चौमासिक रुपमा बिक्रेतालाई अनुदानमा उपलब्ध हुने मलको बिक्री परिमाण चौमासिक सुरु हुनु अगावै निर्धारण गर्नु पर्नेछ। यसरी निर्धारण गरिएको परिमाण स्थानीय समितिले सम्बन्धित मल वितरक कम्पनी र बिक्रेतालाई तुरुन्त जानकारी दिनु पर्नेछ ।

(५) कुनै प्रदेशका लागि निर्धारण गरिएको मलको परिमाण खपत नभएमा वा नहुने देखिएमा मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिले मल आवश्यक भएको अर्को प्रदेशका लागि कोटा थप गर्नु पर्नेछ।

(६) बिक्रेताले आफूलाई निर्धारण गरिएको मलको परिमाण प्रत्येक चौमासिकको अन्त्य सम्ममा मल वितरक कम्पनीबाट खरिद गरी लैजानु पर्नेछ र सो अवधि सम्ममा मल नलगेमा स्थानीय समितिले मल आवश्यक भएको स्थानीय तह भित्रको अन्य बिक्रेतालाई त्यस्तो मलको कोटा तोकी बिक्री गर्न सक्नेछ।

(७) कुनै स्थानीय तहका लागि निर्धारण गरिएको मलको परिमाण प्रत्येक चौमासिकको अन्त्य सम्ममा त्यस्तो स्थानीय तहका बिक्रेताहरुले खरिद नगरेमा प्रदेश समितिले मल आवश्यक भएको अन्य स्थानीय तहका लागि बाँडफाँड गर्नु पर्नेछ।

१४. <u>थप अनुदान दिन नपाउने</u>: (१) प्रदेश सरकार वा स्थानीय तहले नेपाल सरकारबाट अनुदानमा प्राप्त मलको मूल्यमा थप अनुदान दिन पाउने छैन।

(२) प्रदेश सरकार तथा स्थानीय तहले आफ्नो बजेट व्यवस्था गरी स्थानीय रुपमा उत्पादित प्राङ्गारिक तथा जिवाणुयुक्त मलमा अनुदान दिन सक्नेछन् ।

यादव प्रसाद कोइराला
सचिव

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकार तथा स्थानीय तहले ढुवानीमा अनुदान दिई मल बिक्री वितरण व्यवस्था मिलाउन बाधा पर्ने छैन्।

## परिच्छेद-३

## बिक्रेता नियुक्ति तथा बिक्री वितरण सम्बन्धी व्यवस्था

१५. बिक्रेता नियुक्तिः (१) सहकारी संस्था, फर्म वा कम्पनीले मलको बिक्री वितरण गर्न चाहेमा मल वितरक कम्पनीको बिक्रेता नियुक्ति सम्बन्धी प्रक्रियामा तोकिएको विवरण तथा कागजातका अतिरिक्त देहायका कागजात तथा बिवरण संलग्न गरी मल वितरक कम्पनीमा निवेदन दिनु पर्नेछः-

(क) सहकारी संस्था, फर्म वा कम्पनी दर्ताको प्रमाण,

(ख) सम्बन्धित स्थानीय तहको सिफारिस,

(ग) बिगतका दुई आर्थिक बर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

(घ) स्थायी लेखा नम्बरदर्ताको प्रमाण,

(ङ) अनुभव, कार्यदक्षता, कार्यक्षमताको बिवरण,

(च) नापतौल गर्ने मेशिन, गोदामघर, सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारको बिवरण।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम सम्बन्धित स्थानीय तहले सिफारिस गर्दा स्थानीय समितिको निर्णयानुसार गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम स्थानीय समितिले निर्णय गर्दा स्थानीय तहको आवश्यकता र बिक्री परिमाण, सहकारी संस्था, फर्म वा कम्पनीको अनुभव, कार्यदक्षता, कार्यक्षमता र नापतौल गर्ने मेशिन, गोदामघर, सूचना प्रविधि लगायतका भौतिक पूर्वाधार समेतको आधारमा गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको निवेदन दिने सहकारी संस्था, फर्म वा कम्पनीलाई मल बितरक कम्पनीले बिक्रेता नियुक्त गरी अनुसूची-२ बमोजिमको ढाँचामा मल बिक्रेता प्रमाणपत्र उपलब्ध गराउनेछ।

(५) उपदफा (४) बमोजिम मल वितरक कम्पनीले बिक्रेता नियुक्त गर्दा कम्तीमा दुई आर्थिक बर्षको कार्यकाल पूरा गरेका, सक्षम तथा क्रियाशिल सहकारी संस्था, फर्म वा कम्पनीलाई मात्र नियुक्त गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम नियुक्त बिक्रेताले अनुदानमा उपलब्ध गराइएको मलसँगै अन्य स्रोतबाट प्राप्त सोही प्रकारको अनुदान उपलब्ध नगराइएको मल बिक्री वितरण गर्न पाउने छैन ।

(७) उपदफा (४) बमोजिम बिक्रेता प्रमाणपत्र लिनु अघि मल वितरक कम्पनी समक्ष त्यस्तो बिक्रेताले अनुसूची-३ बमोजिमको प्रतिबद्धता पेश गर्नु पर्नेछ।

(८) बिक्रेता नियुक्ति गर्दा कृषि सम्बन्धी सहकारी संस्थाहरुलाई पहिलो प्राथमिकता दिनु पर्नेछ।

यादव प्रसाद कोइराला
सचिव

तर कुनै स्थानीय तहमा कृषि सहकारी संस्था नरहेमा वा मलको कारोबार गर्न तयार नभएमा क्रमशः अन्य सहकारी संस्था, फर्म वा कम्पनीलाई प्राथमिकता दिई बिक्रेता नियुक्त गर्न सकिनेछ ।

(९) स्थानीय तहले आवश्यकता अनुसार निश्चित कार्यक्षेत्र तोकी बिक्रेता नियुक्तीको लागि सिफारिस गर्नु पर्नेछ ।

तर एकै स्थानमा एक भन्दा बढी बिक्रेतालाई कार्यक्षेत्र तोक्न पाइने छैन्।

(१०) सामान्यतया एक बिक्रेतालाई एक भन्दा बढी स्थानीय तहको लागि बिक्रेता नियुक्त गरिने छैन।

तर कुनै कारणवश दुई वा दुई भन्दा बढी स्थानीय तहले एक आपसमा समन्वय गरी एउटै बिक्रेतालाई पनि नियुक्तिका लागि सिफारिस गर्न सक्नेछन्।

(११) मल वितरक कम्पनीबाट नियुक्त भएका बिक्रेताहरुको विवरण सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ । यसरी नियुक्त भएका बिक्रेतालाई स्थानीय तहले अनुसूची-१० बमोजिमको मल खरिद फारम जारी गर्नेछ ।

(१२) यो निर्देशिका प्रारम्भ हुनु पूर्व, मल वितरक कम्पनीबाट नियुक्ति लिएका बिक्रेताहरुले यस निर्देशिका लागु भएको ९० दिन सम्म साविक बमोजिम कारोबार गर्न सक्नेछन् र सो अवधि पछि स्वतः खारेज हुनेछन्।

(१३) बिक्रेताले प्रत्येक वर्ष नियुक्तिको प्रमाणपत्र नवीकरण गर्नु पर्नेछ र नवीकरणका लागि स्थानीय तहको सिफारिस अनिवार्य पेश गर्नु पर्नेछ ।

१६. <u>मल बिक्री कार्यालयको सूची सार्वजनिक गर्ने</u>:(१) मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिले सम्बन्धित प्रदेशका स्थानीय तहको लागि मल उपलब्ध गराइने मल वितरक कम्पनीका बिक्री कार्यालय निर्धारण गरी सोको विवरण सार्वजनिक गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका बिक्री कार्यालयले स्थानीय समितिको सिफारिसमा त्यस्तो कार्यालयबाट नियुक्त बिक्रेतालाई मात्र मल उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश समितिले कारण खुलाई उपदफा (१) बमोजिमका बिक्री कार्यालयलाई निर्धारण गरिएका स्थानीय तह बाहेकका अन्य स्थानीय तहका बिक्रेतालाई समेत मल उपलब्ध गराउन निर्देशन दिएमा सोही बमोजिम मल उपलब्ध गराउनु पर्नेछ।

१७. <u>मलको बिक्री मूल्य</u>: (१) मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिले मलको मूल्यमा कृषकहरुको लागत सहभागिता हुने गरी मलको आयात बिन्दुको मूल्य र मल वितरक कम्पनीको मल बिक्री कार्यालयको बिक्री मूल्य निर्धारण गर्नेछ।

(२) आयात बिन्दुको बिक्री मूल्यः उपदफा (१) बमोजिम मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिले मलको आयात बिन्दुको बिक्री मूल्य निर्धारण गर्दा छिमेकी मुलुकको सीमा बजार मूल्यलाई समेत आधार मानी सीमामा अपचलन नहुने गरी तोक्नु पर्नेछ। ।



यादव प्रसाद कोइराला
सचिव

(३) बिक्री कार्यालयको बिक्री मूल्यः उपदफा (१) बमोजिम मल वितरक कम्पनीको मल बिक्री कार्यालयको बिक्री मूल्य निर्धारण गर्दा आयात विन्दु देखि बिक्री कार्यालय सम्म आपूर्ति गर्दा लाग्ने ढुवानी भाडाथप गरी कायम गरिने छ । यसो गर्दा मल वितरक कम्पनीले सञ्चालन खर्च (Operating Cost) वापत प्राप्त गर्ने प्रति एकाई खर्च (रु. १ प्रति किलो ग्राम) समेत जोडिने छ ।

(४) विक्रेताको बिक्री मूल्यः स्थानीय समितिले स्थानीय तह भित्र मलको बिक्री मूल्य निर्धारण गर्नेछ।

(५) उपदफा (४) बमोजिम स्थानीय समितिले मलको बिक्री मूल्य निर्धारण गर्दा मल वितरक कम्पनीको सम्बन्धित बिक्री कार्यालयको बिक्री मूल्यमा स्थानीय तहको बिक्रेताको बिक्री केन्द्रसम्म लाग्ने ढुवानी भाडा र सञ्चालन खर्च बापत बढीमा प्रति केजी रु. १ (अक्षरुपी एक रुपैयाँ मात्र) जोडी बिक्री मूल्य कायम गर्न सक्नेछ। बिक्रेतालाई आवश्यक पर्ने सञ्चालन खर्च सम्बन्धमा मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिले अर्थ मन्त्रालयको सहमतिमा पुनरावलोकन गर्न सक्नेछ ।

(६) मल बिक्री वितरण हुने मल वितरक कम्पनीको कार्यालयबाट विक्रेतासम्मको ढुवानी भाडा जिल्ला दररेट समितिले निर्धारण गरेको दररेट भन्दा बढी ढुवानी रकम मूल्यमा जोड्न पाइने छैन।

(७) यस दफा बमोजिम कायम गरिएको बिक्री मूल्य स्थानीय समितिले मल वितरक कम्पनीलाई नियमित रुपमा जानकारी गराउनु पर्नेछ र उक्त बिक्री मूल्य स्थानीय तहको कार्यालयमा र विक्रेताको बिक्री केन्द्रमा समेत टाँस गर्नु पर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(८) उपदफा (५) बमोजिम कायम गरिएको मूल्यको अभिलेख मल उपलब्ध गराउँदाको बखत मल वितरक कम्पनीले राख्नु पर्नेछ।

१८. <u>अनुदानको मल बिक्री वितरणको व्यवस्थाः</u> (१) मल वितरक कम्पनीले विक्रेताहरु मार्फत मल बिक्री वितरण गर्ने छन् र त्यसरी बिक्री वितरण गर्दा अनुसूची -१० अनुसारको मल खरिद फारम भरी अनुसूची-४ बमोजिमको बिल जारी गर्नु पर्नेछ।

(२) यस निर्देशिका बमोजिम नियुक्त बिक्रेतालाई मल खरिद फारम नभरी वा बिक्रेता बाहेक अन्य बिक्रेतालाई मल बिक्री गरेमा त्यसरी बिक्री गर्ने मल वितरक कम्पनीको कार्यालय प्रमुख तथा सम्बन्धित कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

तर सरकारी फार्म, नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतका अनुसन्धान कार्यालय र कृषि विषय अध्यापन हुने विश्वविद्यालयहरुलाई खेती हुने क्षेत्रफलका लागि आवश्यक मात्रामा मल उपलब्ध गराउन सकिनेछ । यसरी मल उपलब्ध गराउँदा Buffer Stock मा रहेको परिमाणबाट गराउनु पर्नेछ ।

(३) मल वितरक कम्पनीको एक प्रदेश भित्रको कार्यालयबाट अर्को प्रदेश भित्रका बिक्रेताहरुलाई मल बिक्री गर्न पाइने छैन।



यादव प्रसाद कोइराला
सचिव

(४) मल वितरक कम्पनी अन्तर्गतका कुनै पनि कार्यालयले सामान्यतया अर्को कार्यालयको सिफारिसको आधारमा मल उपलब्ध गराउन पाउने छैन।

तर कुनै कारणवस त्यसरी मल उपलब्ध गराउनु पर्ने अवस्था आएमा मल वितरक कम्पनीको प्रधान कार्यालयको स्वीकृतिमा सम्बन्धित प्रदेश समिति र मन्त्रालयलाई जानकारी गराई मल उपलब्ध गराउन सक्नेछ र यसरी बिक्री गर्दा स्थानीय तहका लागि प्रदेश समितिबाट छुट्याइएको मलको प्रकार र परिमाण फेरबदल गर्न पाइने छैन।

(५) बिक्रेताले मलको अघिल्लो कारोबारको विवरण अनुसूची-५ बमोजिमको ढाँचामा तयार गरी स्थानीय तहको कृषि सम्बन्धी विषय हेर्ने शाखाबाट प्रमाणित गराई पेश गरे पछि मात्र मल वितरक कम्पनीले त्यस्तो बिक्रेतालाई मल उपलब्ध गराउन पर्नेछ।

(६) मल वितरक कम्पनीले आफ्नो दैनिक कारोबारको विवरण अनुसूची-६ बमोजिमको ढाँचामा तयार गरी मन्त्रालयको कृषि सामग्री व्यवस्थापन सम्बन्धी विषय हेर्ने महाशाखा र प्रदेश मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(७) मल वितरक कम्पनीले बिक्रेताबाट प्राप्त विवरणलाई अद्यावधिक गरी मासिक रुपमा अनुसूची-७ बमोजिमको ढाँचामा मन्त्रालयको कृषि सामग्री व्यवस्थापन सम्बन्धी विषय हेर्ने महाशाखा र प्रदेश मन्त्रालयमा पेश गर्नु पर्नेछ।

१९. <u>बिक्रेताले मल बिक्री वितरण गर्दाको प्रक्रिया:</u> (१) बिक्रेताले आफ्नो बिक्री कक्षमा बिक्रेता सहकारी संस्था, फर्म वा कम्पनीको नाम, कार्यक्षेत्रको विवरण र अनुदानमा दिइने मलको बिक्री मूल्य प्रष्टसँग देखिने गरी टाँस गर्नु पर्नेछ।

(२) बिक्रेताले आफूलाई तोकिएको कार्यक्षेत्र भित्रका सबै कृषकहरुलाई मल बिक्री वितरण गर्नु पर्नेछ।

(३) बिक्रेताले मल बिक्री वितरण गर्दा सम्बन्धित कृषकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सम्पर्क फोन नम्बर र खेती सम्बन्धी विवरण लिई अनुसूची-८ बमोजिमको बिल जारी गरी बिक्री वितरण गर्नु पर्नेछ र त्यसरी बिक्री पछि अनुसूची-९ बमोजिमको ढाँचामा स्टक खाता समेत दैनिक रुपमा अद्यावधिक गरी राख्नु पर्नेछ। त्यस्तो स्टक खाताको विवरण स्थानीय तहबाट मासिक रुपमा प्रमाणित गराई राख्नु पर्नेछ।

(४) बिक्रेताले अनुदान प्राप्त मल बाहेक सोही प्रकारको अन्य मल जुनसुकै प्रक्रियाबाट प्राप्त गरी बिक्री वितरण गर्न पाउने छैन ।

२०. <u>मल बिक्रेता प्रमाणपत्र खारेजी गर्न सक्ने:</u> (१) देहायको अवस्थामा बिक्रेता प्रमाणपत्र प्रदान गर्ने मल वितरक कम्पनीले जारी गरेको बिक्रेताको प्रमाणपत्र खारेज गर्न सक्नेछ:-

(क) बिल बिजक जारी नगरी मलको बिक्री वितरण गरेमा,

(ख) आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गई मलको बिक्री वितरण गरेमा,

(ग) तोकिएको मूल्य भन्दा बढी रकममा मल बिक्री गरेमा,

(घ) लुकाई छिपाई वा पक्षपात पूर्ण तरिकाले मल बिक्री वितरण गरेमा,



यादव प्रसाद कोइराला
सचिव

(ङ) मल सम्बन्धी झुठ्ठा विवरण पेश गरेमा वा समयमा दफा १८ को उपदफा (५) बमोजिमको विवरण नबुझाएमा,

(च) मल वितरक कम्पनीको विक्रेता निर्देशिका बमोजिम आफ्नो जिम्मेवारी र दायित्व पूरा नगरेमा,

(छ) मलसँगै कृषकको माग विपरीत अन्य सामग्री खरिद गर्न दवाव दिएमा,

(ज) कृषि प्रयोजन बाहेक अन्य प्रयोजनको लागि मल बिक्री वितरण गरेमा,

(झ) विक्रेताले एक वर्षसम्म मलको बिक्री वितरण कारोवार नगरेमा,

(ञ) अन्य कुनै प्रकारको अनियमितता गरेमा ।

(२) उपदफा (१) बमोजिम प्रमाणपत्र खारेज गर्नु अगाडि मल वितरक कम्पनीले विक्रेतालाई मनासिब माफिकको समय दिई सफाई पेश गर्न मौका दिनु पर्नेछ।

(३) मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति, प्रदेश समिति, स्थानीय समिति र मन्त्रालयले अनुगमन गर्दा उपदफा (१) बमोजिमको अवस्था देखी विक्रेताको प्रमाणपत्र खारेज गर्नु पर्ने भएमा मल वितरक कम्पनी समक्ष विक्रेताको प्रमाणपत्र खारेज गर्न सिफारिस गर्न सक्नेछ र त्यसरी सिफारिस भई आएमा मल वितरक कम्पनीले विक्रेता प्रमाणपत्र खारेज गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम दिइएको समयभित्र विक्रेताले सफाई पेश नगरेमा वा पेश गरिएको सफाई सन्तोषजनक नदेखिएमा मल वितरक कम्पनीले आफूले दिएको विक्रेताको प्रमाणपत्र खारेज गर्नेछ।

(५) उपदफा (१), (३) वा (४) बमोजिम विक्रेता प्रमाणपत्र खारेज भएका सहकारी संस्था, फर्म वा कम्पनीको विवरण मल वितरक कम्पनीले स्थानीय समितिलाई जानकारी गराउनु पर्नेछ ।

(६) उपदफा (१), (३) वा (४) बमोजिम विक्रेता प्रमाणपत्र खारेज भएका सहकारी संस्था, फर्म, वा कम्पनीलाई तीन वर्षसम्मको लागि विक्रेता नियुक्त गरिने छैन ।

## परिच्छेद-४
## <u>विविध</u>

२१. <u>अनुगमन तथा निरीक्षण:</u> (१) यस निर्देशिका बमोजिम मल आपूर्ति तथा बिक्री वितरण कारोबारमा संलग्न मल वितरक कम्पनी र विक्रेताले आफ्नो जिम्मेवारी अनुरुप कार्य गरे/नगरेको सम्बन्धमा मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति, प्राविधिक समिति र मन्त्रालयको कृषि सामग्री व्यवस्थापन सम्बन्धी विषय हेर्ने शाखाले मलको गुणस्तर, आपूर्ति तथा बिक्री वितरण व्यवस्थापनको सम्पूर्ण क्रियाकलापको अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्न वा गराउन सक्नेछ।

(२) प्रदेश समितिले मलको परिमाण, गुणस्तर र निर्देशिका पालनाको अनुगमन निरीक्षण गर्नेछ ।

यादव प्रसाद कोइराला
सचिव

(३) जिल्ला प्रशासन कार्यालयले मलको वितरण व्यवस्थापन र मलको मूल्यको अनुगमन तथा निरिक्षण गर्नेछ।

(४) स्थानीय समितिले बिक्रेताहरुबाट वितरित मल लक्षित वर्गले पाए नपाएको र यस निर्देशिका बमोजिम विक्रेताले विक्री वितरण गरे नगरेको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्नेछ।

(५) उपदफा (२) बमोजिम प्रदेश समितिले गरेको निरीक्षण तथा अनुगमनको प्रतिवेदन चौमासिक रुपमा मन्त्रालयमा र उपदफा (४) बमोजिम स्थानीय समितिले गरेको निरीक्षण तथा अनुगमनको प्रतिवेदन चौमासिक रुपमा प्रदेश समितिमा पठाउनु पर्नेछ ।

२२. <u>गुनासो तथा उजुरी सुन्ने:</u> (१) अनुदानको मल सम्बन्धमा स्थानीय समिति, जिल्ला प्रशासन कार्यालय, प्रदेश समिति, प्राविधिक समिति वा मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति समक्ष गुनासो वा उजुरी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम गुनासो वा उजुरी परेमा सो उपर छानबिन गर्नु पर्नेछ र त्यसरी छानबिन गर्दा कारवाही गर्नु पर्ने देखिएमा प्रचलित कानून बमोजिम कारवाही गर्न वा कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

२३. <u>कानून बमोजिम कारवाही हुने:</u> (१) यस निर्देशिका विपरित मलको विक्री वितरण गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

२४. <u>अभिमुखीकरण:</u> यस निर्देशिका बमोजिम मल विक्री वितरणको बिल बिजकको व्यवस्था, विक्री वितरणको तरिका, प्रतिवेदन तयारी, मल सम्बन्धी नीति, आदेश तथा निर्देशिकाका सम्बन्धमा मल वितरक कम्पनीले सम्बन्धित विक्रेताहरुलाई अभिमुखीकरण गर्नु पर्नेछ।

२५. <u>विद्युतीय प्रणालीमा आधारित बनाउनु पर्ने:</u> (१) मल वितरक कम्पनीले मलको आयात, सञ्चय तथा बिक्री वितरणलाई सहज, व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन तथ्याङ्क विद्युतीय प्रणालीमा आधारित बनाउनु पर्नेछ र सो प्रणालीमा मन्त्रालय, प्रदेश मन्त्रालय, स्थानीय तह, मल वितरक कम्पनी र विक्रेतालाई आवश्यकताका आधारमा पहुँच उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विद्युतीय प्रणालीमा आधारित तथ्याङ्क प्रणालीमा मलको आयात, सञ्चय, प्रदेश तथा स्थानीय तहलाई विभाजन हुने कोटा, विक्रेता तथा लाभग्राही कृषकहरुको विवरण लगायतका तथ्याङ्क व्यवस्थापन गर्न र सोही मार्फत प्रतिवेदन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२६. <u>मल आपूर्ति तथा वितरणको लागि अन्य संस्था तोक्न सक्ने:</u> (१) नेपाल सरकारले कृषि सामग्री कम्पनी लिमिटेडको अतिरिक्त मलको आपूर्ति तथा वितरण व्यवस्थालाई थप प्रभावकारी एवं सहज बनाउनको लागि अन्य कुनै संस्थालाई आवश्यकता अनुसार मल वितरक संस्थाको रूपमा तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मल आपूर्ति तथा बिक्री वितरणको लागि तोकिएको संस्थाले यस निर्देशिका बमोजिम मलको आपूर्ति तथा वितरणको व्यवस्था गर्नु पर्नेछ।

यादव प्रसाद कोइराला
सचिव

२७. <u>अनुसूचीमा हेरफेर गर्न सक्ने:</u> मन्त्रालयले अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ।

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची-१

(दफा ९ को उपदफा (२) र दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

**प्रदेश समिति र स्थानीय समितिले पेश गर्नुपर्ने चौमासिक प्रगति प्रतिवेदनको ढाँचा**

आर्थिक वर्षः ..........

अवधिः ............................ महिना देखी .............................. महिना सम्म

इकाईः के.जी.

| क्र.सं. | विवरण (मलको किसिम) | यस चौमासिकमा प्रदेश/स्थानीय तहमा प्राप्त परिमाण | यस चौमासिकमा प्रदेश/स्थानीय तहमा बिक्री परिमाण | यस चौमासिक सम्म प्रदेश/स्थानीय तहमा प्राप्त परिमाण | यस चौमासिक सम्म प्रदेश/स्थानीय तहमा बिक्री परिमाण | प्रदेश कार्यालयको/स्थानीयतहको औषत बिक्री मुल्य(रु प्रति के.जी.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | युरीया | | | | | | |
| २ | डि.ए.पी. | | | | | | |
| ३ | पोटास | | | | | | |
| ४ | अन्य भए खुलाउने ........... | | | | | | |
| | जम्मा | | | | | | |

नामथरः

छापः

पदः

मितिः

हस्ताक्षरः

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची-२

(दफा १५ को उपदफा (४) संग सम्बन्धित)

मल विक्रेता प्रमाणपत्रको नमूना

मल वितरक कम्पनीको छाप

प्रमाण पत्र नं.

स्थायी लेखा नं.

मितिः ...........

...........................मल वितरक कम्पनीको नाम र ठेगाना

## मल विक्रेता प्रमाणपत्र

...........जिल्ला ............. गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. वडा नं........... स्थित रहेको श्री ........................................ लाई यस कम्पनीबाट बिक्री वितरण हुने मल निम्न क्षेत्रमा कारोबार गर्न "अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ तथा....................(मल वितरक कम्पनीको निर्देशिका भए त्यसको नाम उल्लेख गर्ने) बमोजिम विक्रेता प्रमाणपत्र प्रदान गरिएको छ ।

विक्रेताले कारोबार गर्ने क्षेत्रः

१ .................

२ .................

(......................... )

प्रबन्धक